**नेपाल नागरिक उड्डयन प्राधिकरण**

**पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, पोखराको**

**सटर बहालमा लगाउने सम्बन्धी बोलपत्र आव्हानको सूचना**

(तेस्रो पटक सूचना प्रकाशित मिति २०८२/०१/२१)

साविकको पोखरा विमानस्थल(फेवा टावर)को ईनगेट पश्चिम तर्फ रहेका सटरहरुको एकमुष्ठ रुपमा बहालमा दिने सम्बन्धमा बढाबढ प्रकृयाद्धारा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायबाट इजाजत प्राप्त गरेका इच्छुक व्यक्ति/संस्था/फर्म/कम्पनीले निम्न शर्तहरुको अधीनमा रही बोलपत्र फाराम पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. यो सूचना प्रकाशित भएको मितिले ३०(तीस) दिनभित्र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको नाममा पृथ्वीचोक, पोखरा स्थित नेपाल बैक लिमिटेड, पृथ्वी चोक शाखामा रहेको (खाताको नाम:Pokhara International Airport Civil Aviation Office Pokhara) खाता नम्बर १९२००१०७४१९९७३००००००१ मा रु. ३३९०/- (अक्षरेपी: तीन हजार तीन सय नब्बे रुपैया मात्र) मूल्य अभिवृद्धि कर सहित (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर कार्यालयमा पेस गरी प्राप्त रसिद, नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्रको प्रतिलिपि सहित निवेदन पेस गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिबाट ३०(तीस) दिनको कार्यालय समयभित्र खरिद गरी ३१(एकतीस) औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दाखिला गर्नुपर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु सोही ३१(एकतीस) दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनु पर्नेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र खरिद र दर्ता गरिनेछ ।

३. बोलपत्रसाथ फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण सहित), सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्न प्राप्त इजाजत पत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०८०/८१ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि/आय विवरण पेस गरेको प्रमाण वा म्याद थप भएको प्रमाणको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वःघोषणापत्र पेस गर्नुपर्नेछ ।

४. सटर बहालको लागि ठेक्का अवधि ५(पाँच) वर्षको हुनेछ । सो अवधिको न्यूनतम ठेक अंक रु.३४,११,०००/-(अक्षरेपी चौतीस लाख एघार हजार रुपैया मात्र) कायम गरिएको छ । साथै दोस्रो वर्षदेखि कुल ठेक अंकमा कार्यसम्पन्न भएको वर्षको रकम घटाई बाँकी हुन आउने बहाल रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्यवृद्धि सूचकाङ्कको अनुपातमा स्वत: वृद्धि हुनेछ र सोही अनुरुप कायम हुन आउने थप बहाल रकम समेत बुझाउनु पर्नेछ ।

५. प्राधिकरण तथा मातहतका कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता रहेका व्यक्ति, फर्महरुले बोलपत्रमा भाग लिन पाउनेछैन । प्राधिकरणलाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नरहेको व्यहोराको प्रमाण बोलपत्र कागजात खरिद गर्दाका समयमा पेस गर्नुपर्नेछ ।

६. स्वीकृत आय अनुमान रकम(न्युनतम ठेक अंक) को ५% ले हुने बोलपत्र जमानत रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड, पृथ्वी चोक, पोखरा शाखामा रहेको(खाताको नाम:POKHARA INTERNATIONAL AIRPORT CAO DEPOSIT)धरौटी खाता नम्बर १९२००१०७४१९९७३००००००३ मा दाखिला गरेको सक्कल भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकवाट जारी भएको कम्तीमा १८० दिन (बोलपत्र खोल्ने मितिबाट) मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेस गर्नुपर्नेछ ।

७. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, पोखरा, कास्कीलाई सम्बोधन गरी यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. रीत नपुगी, म्याद नाघी, शर्तसहित पेस भएको वा तोकिएको कागजात पेस भई नआएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

११. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१२. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.np र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको website: pia.caanepal.gov.np मा उपलब्ध हुनेछ ।

१३. यस सूचनामा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१४. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालयमा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

१५. सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राख्न सकिनेछ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण
Civil Aviation Authority of Nepal
2055
Pokhara International Airport Civil Aviation Office
पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय